प्रदेश सरकार

# पर्यटन, वन तथा वातावरण मन्त्रालय

कोशी प्रदेश

विराटनगर (नेपाल)

पत्र संख्या :

चलानी नं. :

२०८०।१०।१२

विशाल घिमिरे
प्रदेश सचिव

## विज्ञहरुको सूची (Roster) को लागि दरखास्त आह्वान सम्बन्धी सूचना ।

कोशी प्रदेश वातावरण संरक्षण नियमावली, २०७७ को नियम ४७ बमोजिम वातावरणीय अध्ययन प्रतिवेदन सुझाव समितिमा रहने वातावरण विज्ञहरुको सूची (Roster) को लागि यस मन्त्रालयको सूचनापाटी र वेभसाइटमा मिति २०८०/१०/१३ गते देखि लागु हुने गरी १५ (पन्ध्र) दिनको म्याद राखी दरखास्त आह्वान गरिएको व्यहोरा कोशी प्रदेश, पर्यटन, वन तथा वातावरण मन्त्रालय (प्रदेश सचिवस्तर) को मिति २०८०/१०/१२ को निर्णयानुसार अनुरोध छ ।

(क) कोशी प्रदेश वातावरण संरक्षण ऐन, २०७६ को दफा ८(२) मा व्यवस्था भए बमोजिम वातावरणीय अध्ययन प्रतिवेदनमा राय सुझाव दिनको लागि गठन हुने सुझाव समितिमा वातावरण विज्ञको रुपमा काम गर्न इच्छुक महानुभावहरुले तपसिलमा उल्लिखित प्रावधानहरुको अधीनमा रही यो सूचना प्रकाशन भएको मितिले १ (एक) महिना भित्र रितपूर्वक निम्न ठेगानामा दरखास्त पेश गर्नुहुन अनुरोध गरिन्छ । यस सम्बन्धी जानकारी यस मन्त्रालयको सूचना पाटी र https://motfe.koshi.gov.np मा समेत राखिएको व्यहोरा समेत अनुरोध छ ।

आवश्यक कागजात:

(क) वैयक्तिक विवरण

(ख) शैक्षिक योग्यता सम्बन्धी प्रमाणपत्रको प्रतिलिपी

(ग) कार्य अनुभव सम्बन्धी प्रमाण

(घ) वातावरणीय अध्ययन सम्बन्धी तालिम लिएको भए सो सम्बन्धी कागजातको प्रमाण

(१) शैक्षिक योग्यता:

नेपाल सरकारद्वारा मान्यता प्राप्त शिक्षण संस्थाबाट देहायको विषयमा कम्तिमा स्नातकोत्तर उपाधि प्राप्त गरेको:

(क) सिभिल इन्जिनियरिङ्ग वा मेकानिकल इन्जिनियरिङ्ग वा केमिकल इन्जिनियरिङ्ग वा इलेक्ट्रिकल इन्जिनियरिङ्ग वा आर्किटेक्ट इन्जिनियरिङ्ग वा हाइड्रोपावर इन्जिनियरिङ्ग वा कृषि इन्जिनियरिङ्ग, भूगर्भ इन्जिनियरिङ्ग, माईनिङ्ग इन्जिनियरिङ्ग वा औद्योगिक इन्जिनियरिङ्ग वा रेल्वे इन्जिनियरिङ्ग वा मेटालर्जिक इन्जिनियरिङ्ग वा जलस्रोत इन्जिनियरिङ्ग वा भौतिक विज्ञान वा रसायन विज्ञान वा भूगर्भ शास्त्र वा सहरी विकास ।

(ख) स्वास्थ्य वा जनस्वास्थ्य विज्ञान वा चिकित्सा शास्त्र वा अस्पताल व्यवस्थापन

(ग) वन विज्ञान वा वन्यजन्तु विज्ञान वा जलाधार व्यवस्थापन वा फोहोरमैला व्यवस्थापन वा प्राकृतिक स्रोत व्यवस्थापन

(घ) कृषि विज्ञान

(ङ) मानवशास्त्र वा ग्रामीण विकास वा समाजशास्त्र वा अर्थशास्त्र वा पुरातत्व शास्त्र वा दिगो विकास वा अर्थशास्त्र वा योजना व्यवस्थापन

(च) वातावरण कानून

(छ) वातावरण विज्ञान वा वातावरण व्यवस्थापन वा वातावरण इन्जिनियरिङ्ग वा वातावरण सम्वन्धी अन्य विषय

(ज) जीव विज्ञान वा वनस्पति विज्ञान

(२) कार्य अनुभवः

देहाय बमोजिम कार्य अनुभव भएको:

(क) नेपाल सरकारको कुनै निकाय वा नेपाल सरकारबाट मान्यता प्राप्त संघ, संस्थामा कम्तिमा रा.प.तृतीय श्रेणी वा सो सरहको पदमा २ वर्ष वातावरणीय अध्ययन प्रतिवेदनको पुनरावलोकन वा स्वीकृती प्रक्रिया वा शोध कार्यमा संलग्न भई कार्य गरेको वा

(ख) वातावरणणीय अध्ययन प्रतिवेदन तयार गर्ने कार्यमा कम्तिमा ५ वर्ष वा सो भन्दा वढी कार्य अनुभव भएको वा

(ग) माथि उल्लिखित विषयमा ५ वर्ष भन्दा वढी अध्यापन तथा अनुसन्धान गरेको वा

(घ) वातावरणीय अध्ययन प्रतिवेदन सूझाव समितिमा विज्ञको रुपमा रही काम गरेको ।

(३) यस अघि Roster भएका हरुले पनि यसै सूझाव बमोजिम अद्यवधिक गर्नु हुन अनुरोध छ ।

(४) इच्छुक महानुभावहरुले शैक्षिक योग्यता र अनुभव सम्वन्धी आवश्यक कागजातहरु यस मन्त्रालयको विद्युतीय पत्राचार ठेगाना (E-mail Address): moitfepradesh1@gmail.com मा पठाई पछि मन्त्रालयबाट माग हुँदा आवश्यक कागजातहरुको छाया प्रति (Hardcopy) पेश गर्नुपर्ने छ ।

(५) दरखास्त बुझाउने ठेगानाः पर्यटन, वन तथा वातावरण मन्त्रालय, (वातावरण शाखा), कोशी प्रदेश, विराटनगर, सम्पर्क नं.: ०२१-४६१०४५

**(वातावरणीय अध्ययन प्रतिवेदन मूल्याङ्कन तथा सिफारिश समितिमा रहने वातावरण विज्ञहरुको सूची (Roster) मा नाम समावेश गर्ने निवेदन फाराम)**

मितिः ..........................

श्रीमान् प्रदेश सचिवज्यू,
पर्यटन, वन तथा वातावरण मन्त्रालय,
कोशी प्रदेश, विराटनगर ।

तँहा मन्त्रालय अन्तर्गतको **वातावरणीय अध्ययन प्रतिवेदन मूल्याङ्कन तथा सिफारिश समितिमा रहने वातावरण विज्ञहरुको सूची (Roster) मा** मेरो नाम सूचीकृत गरिदिनु हुन निम्नानुसारको सत्य तथ्य विवरण खुलाई अनुरोध गर्दछु ।

१. नाम थरः

२. जन्म मितिः हालको उमेरः

३. ठेगानाः जिल्ला : .............................., न.पा./गा.पा. : ...................................., वडा नं. : .............
टोलः .........................

४. हाल बसोबास गरेको ठेगानाः जिल्ला : .............................., न.पा./गा.पा. : ......................................,
वडा नं. : ........... टोलः .........................

५. सम्पर्क
फोन नं. : ................................ मोवाइल नं. : ...........................................
इमेलः ........................................................

६. शैक्षिक योग्यताः

| शैक्षिक योग्यता | प्राप्त गरेको शैक्षिक उपाधि | विश्वविद्यालय | अध्ययन गरेको अवधी | | अध्ययन गरेका मूल विषयहरु | ग्रेड/श्रेणी/ प्रतिशत |
|---|---|---|---|---|---|---|
| | | | देखि | सम्म | | |
| विद्यावारिधि (PhD) | | | | | | |
| स्नातकोत्तर (Master's Degree) | | | | | | |

७. बहालवाला भए हालको नोकरी सम्बन्धी विवरण (भएमा २ वटा श्रेणी/तह सम्मको खुलाउने):

| हालको पद | हालको पदमा नियुक्ति मिति | श्रेणी/तह | सेवा | समुह | उपसमुह | प्राविधिक/ अप्राविधिक | निजामती/सरकारी/ विश्वविद्यालय/अन्य क्षेत्र |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |

८. सेवा निवृत भएको भए अवकाश हुँदाको विवरणः

| अवकाश हुँदाको पद सम्बन्धि | | | | | | | अवकाश मिति |
|---|---|---|---|---|---|---|---|
| पदको नाम | श्रेणी/तह | सेवा | समुह | उपसमुह | प्राविधिक/ अप्राविधिक | सेवा वर्ष | |
| | | | | | | | |

९. सेवा निवृत भएपछि कुनै निकायमा कार्यरत एवं प्रतिनिधि भएको भए सोको पूर्ण विवरणः

१०. प्रकाशित कृति भए मुख्य मुख्य कृतिहरुको नामः

११. अनुसन्धान गरेको भए के के विषयहरुको अनुसन्धान गरेको हो, सो खुलाउनेः

१२. दक्षताको क्षेत्रः

१३. दक्षताको क्षेत्रमा लिएको तालिम र अन्य विषय भए खुलाउनेः

| तालिमको विषय | तालिम दिने संस्था | तालिम लिएको अवधि | | तालिम लिएको देश |
|---|---|---|---|---|
| | | देखि | सम्म | |
| | | | | |
| | | | | |

१४. थप अरु केहि भएः

**नोटः**

(क) उल्लेखित विषयको विज्ञको रुपमा कार्य गर्न सम्वन्धित विषयमा अद्यावधिक हुनेछु ।

(ख) आफ्नो ठेगाना, फोन नं., मोवाइल नं. लगायतका अन्य विवरणमा समेत कुनै परिवर्तन भएमा समयमै पर्यटन, वन तथा वातावरण मन्त्रालय, कोशी प्रदेश, विराटनगरलाई जानकारी गराउनेछु ।

............................

निवेदकको दस्तखत

***पुनश्चः*** *उल्लेखित विवरण भर्न स्थानाभाव भएमा छुट्टै पानामा विवरण भरी यसै साथ संलग्न गर्न सकिने छ ।*
*उल्लेखित विवरणको आधारमा सूचीमा नाम समावेश गर्ने अधिकार मन्त्रालयमा सुरक्षित रहेनेछ*